सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक ३०५ ♦ २०८३ साल साउन ७ विहिवार ♦ 23 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com



**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।


# राष्ट्रियताको रक्षा गर्नका लागि कम्युनिष्ट पार्टीहरू एकताबद्ध हुनुको कुनै विकल्प छैन : प्रचण्ड



**शर्मिला घिमिरे**

**साउन ६ गते, बर्दिवास**

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले नेपाली स्वाधीनताको रक्षा तथा देशको हितका लागि मधेशमा कम्युनिष्ट पार्टी बलियो हुनुपर्ने धारणासहित पार्टी अगाडी बढेको बताएका छन् ।

पार्टीको मधेश प्रदेशको एकता बैठक तथा प्रशिक्षण कार्यक्रमको जनकपुरधाममा उद्घाटन गर्दै उहाँले नेपालको राष्ट्रियताको रक्षा गर्नका लागि कम्युनिष्ट पार्टीहरू एकताबद्ध हुनुको कुनै विकल्प नभएकोले कम्युनिष्टहरुबीच एकता प्रक्रिया अझै अघि बढिरहेको जनाए। उनले मधेसमा बलियो पार्टी बनाउन सकिएमा समग्र देश र कम्युनिस्ट आन्दोलनका लागि ठूलो योगदान पुग्ने, अन्यथा ठूलो दुर्घटना व्यहोर्नुपर्ने खतरा रहेको समेत बताए ।

पूर्व प्रधानमन्त्री समेत रहेका दाहालले मधेश प्रदेश राजनीतिक तथा जनसङ्ख्याको दृष्टिकोणले महत्वपूर्ण भएकाले मधेशलाई पार्टीले उच्च प्राथमिकतामा राखेको बताए । उनले मधेस प्रदेशलाई देशको मेरुदण्डको संज्ञा दिँदै मधेसको समुचित विकासले कृषि, उद्योग तथा समग्र राष्ट्रिय अर्थतन्त्रलाई गति दिने बताए। उनले मधेसको विकासलाई तीव्र बनाउन भारत सरकारसँग यसअघि नै गम्भीर छलफल भएको जानकारी दिए। मधेसमा भूमिगत पानीको सतह घट्दै गएको विषयमा सरकार गम्भीर रहेको उल्लेख गर्दै उनले कोशीबाट चुरेको फेदी हुँदै नहर प्रणाली विकास गर्न सके भू-जलको सतह वृद्धि हुनुका साथै तराईलाई मरुभूमीकरणबाट जोगाउन सकिने बताए। यस विषयमा विज्ञहरूसँग अध्ययन तथा छलफल भइरहेको उनको भनाइ थियो।

उनले मरिण डाइभर्सन आयोजना शीघ्र सम्पन्न गर्न चीन सरकारसँग छलफल भएको तथा काठमाडौं-तराई/मधेस द्रुतमार्ग (फास्ट ट्र्याक) समयमै निर्माण सम्पन्न गर्न नेपाली सेनालाई जिम्मेवारी दिने निर्णय आफ्नो नेतृत्वमा भएको स्मरण गराए। चुरे संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै उनले त्यसतर्फ पार्टीको निरन्तर ध्यान रहेको बताए।

देश अहिले चुनौतीपूर्ण परिस्थितिबाट गुज्रिरहेको उल्लेख गर्दै प्रचण्डले सबैलाई संयमित रहन आग्रह गरे। सामाजिक सञ्जालमार्फत फैलाइने भ्रमबाट सचेत रहँदै तथ्य र यथार्थका आधारमा निर्णय गर्नुपर्नेमा उनले जोड दिए।

उनले मिटरब्याजी, सुकुम्बासीलगायतका समस्या समाधानमा प्रभावकारी पहल हुन नसकेको टिप्पणी गर्दै दीर्घकालीन सोचबिनाका निर्णयले जनताको समस्या झन् जटिल बन्दै गएको बताए।

उनले शान्ति सम्झौतापछि १२ बुँदे समझदारी गरेका पक्षहरू एकताबद्ध भएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पनि सहकार्य गरेर अघि बढ्नुको

बाँकी पृष्ठ ३ मा

# संविधानको रक्षा गर्नु सबैको साझा दायित्व हो : नेपाल


भर्ना खुल्यो ! भर्ना खुल्यो !

**KSHIRESHWAR MULTIPLE COLLEGE (KMC)**

Kshireshwarnath Municipality-6, Sakhuwa Mahendranagar, Dhanusha

We Secure Your Future !

फारम भर्ने अन्तिम मितिः २०८३ श्रावण १७ गते सम्म

प्रवेश परीक्षाः २०८३ श्रावण २१ गते

Hurry Up! Admission Open!

BPAM
BACHELOR IN PUBLIC ADMINISTRATION & MANAGEMENT (जनप्रशासन)

SPECIAL FEE OFFER
४ वर्षको लागि विशेष शुल्क
रू. १,३०,०००/- मात्र

कार्यालय खुल्ने समयः बिहान १०:०० बजे देखि बेलुका ५:०० बजे सम्म

सम्पर्क स्थानः श्री राष्ट्रिय मा.वि. सखुवा बजार

Contact No.- 9804808490, 9744338539, 9844298185, 9815876880

kshireshwarmultiplecollege@gmail.com


# दुईतिहाइको जनादेशअनुसार सरकार चल्न सकेन : प्रदीप पौडेल

**खबर दर्पण समाचारदाता**

**साउन ६ गते, बर्दिवास**

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले वर्तमान सरकारले जनअपेक्षाअनुसार काम गर्न नसकेको आरोप लगाउनुभएको छ।

नेपाल प्रेस युनियन महोत्तरी शाखाले जलेश्वरमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले जनताले दिएको बलियो जनादेशअनुसार सरकार सञ्चालन हुन नसकेको बताउँदै सरकार गम्भीरतापूर्वक जिम्मेवारी निर्वाह गर्नुभन्दा खेलाँची शैलीमा अघि बढिरहेको टिप्पणी गर्नुभयो।

महामन्त्री पौडेलले सरकार जनमुखीभन्दा शासकमुखी


बाँकी पृष्ठ ३ मा




**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, [illegible]त्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फलेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मानसरोवर तालमा नेपालीको साँस्कृतिक अधिकार सुरक्षित गरियोस

रणधीर चौधरी





चीनको तिब्बतमा पर्ने ताक्लाकोट नेपाल–चीनको व्यापारिक केन्द्रमध्ये एक हो । दार्चुला, हुम्ला, बझाङ जस्ता उत्तरी जिल्लाका स्थानीयहरु प्रत्येक वर्ष असार, साउन महिनामा गरी वर्षको दुई तीन महिना नेपालका स्थानीय उत्पादनहरु लिएर व्यापारिक उदेश्यले तिब्बत जाने चलन रहँदै आएको लामो इतिहास छ । व्यापार गरी नेपाल फर्किने बेला ती स्थानीयहरु गहुँ, मैदा, चामल, चिनियाँ न्यानो कपडा, तिब्बती नुन जस्ता अतिआवश्यक सामग्री लिएर फर्कने गरेका हुन्छन् । २०७२ सालको भूकम्पले नेपाल चीन जोड्ने प्रायः नाकाहरु अवरुद्ध भएका थिए । प्राकृतिक आपदाको कारण चिनियाँ नाकामा रुकावट आउँदा त्यसको मर्मत संहार गरी पूणःसंचालनमा आउन लामो समय लाग्ने गरेको हुन्छ । २०७६ सालमा कोरोना महामारी सुरु भएपश्चात भएपश्चात ठप्प भएकोल बझाङ दार्चुला लगायतका क्षेत्रमा बसोबास गर्ने नेपाली नागरिकहरुको दैनिक जीवन नै प्रभावित हुने अवस्था आउँछ । भौगोलिक विकटता र राज्यको निरिहिताको कारण यी क्षेत्रका नागरिकहरु अहिले पनि तिब्बती बजारमा भर परिरहन बाध्य छन् । कोरोना महामारी पश्चात प्रभावित सीमापार व्यापार सन् २०८० बाट मात्र पुनः नियमित संचालनमा आउन थाल्यो । विगत केही हप्तादेखि बझाङका व्यापारिहरुलाई तिब्बत तर्फ गरिएको कडाईको कारण परम्परागत रुपमा गर्दै आएको व्यापारिक गतिविधिमा असर पर्नुको साथै स्थानीयहरु समस्यामा पर्न थालेका छन् । बितेको असार २३ गतेको कान्तिपुर दैनिकमा छापिएको एक रिपोर्टको अनुसार, 'बर्खायाममा तिब्बत क्षेत्रका वनमा भेडाच्याङ्ग्रा तथा चौरीहरु चराउन लैजाने परम्परामाथि पनि अवरोध सृजना भएको छ । चिनियाँ सुरक्षाकर्मीले पारीपट्टी जाने गोठालाहरु माथि दुर्व्यवहार गर्ने क्रियाकलापको कारण असुरक्षीत महशुस गर्न थालेका छन् । कोरोना महामारीअघि यो साउन भदौमा तिब्बतको मानसरोवर तालमा स्नान गर्न र त्यहाँको जल ल्याउने ठूलो संख्यामा बझाङका स्थानीय जाने गर्दथे । यद्धपी कोरोनापछि चीनले मानसरोवर तालमा प्रवेश रोक लगाएको कारण बझाङका स्थानीयको पुजापाठ सातक्ष वर्षदेखि रोकिएको छ । ' सीमा सन्धिमा अर्को देशको ३० किलोमिटर क्षेत्रमा मात्रै प्रवेश अनुमति दिने व्यवस्था छ । मानसरोवर त्योभन्दा टाढा पर्छ । विभिन्न संचारमाध्यममा आएको खबर अनुसार बझाङका स्थानियलाई जिल्ला प्रशासनले जारी गर्ने अनुमति भने दिन नसकिने र यदी कोही व्यक्ति त्यहाँ जान चाहन्छ भने चिनियाँ दूतावासबाट भिसा लिएर मात्र प्रवेश गनुपर्ने हुन्छ । चीन नेपालको असल छिमेको भनी हामी मान्ने गरेका छौं । तर चीनले विश्वका पचार देशको लागि जारे गरेको भिजा–फ्रि–इन्ट्रीमा नेपाललाई अझ पनि समावेश नगरिएको तितो यर्थाथ छ ।

तिब्बतसँगा जोडिएको नेपालको भूभागमा बसोबास गर्ने नेपाली नागरिकले आज जुन सामाजिक, आर्थिक र सांस्कृतिक चुनौतिको सामना गर्नु परिरहेको छ, इतिहासका पाना पल्टाउँदा त्यो आफैमा अनौठो लाग्ने गर्दछ । यसै सन्दर्भमा भिक्षु, व्यापार र विद्रोह भन्ने पुस्तकमा लेखक सुधिर शर्माले नेपाल र तिब्बतबीचको ऐतिहासिक आर्थिक गतिविधी सम्बन्धी थुप्रै आयामहरुलाई लिपिबद्ध गर्नु भएको छ । स्वतन्त्र तिब्बतमाथि चिनियाँ अधिपत्य कायम हुनुभन्दा पहिला नेपालका नेवाः व्यापारीह ल्हासामा सफल व्यापारी हुने गर्थे । चीनको प्राचिन सिल्क रोड को नक्सामा कोरिएको मूल मार्ग सियानबाट निस्केर मध्य एसिया हुँदै युरोपतर्फ गएको रेकर्ड छ । अर्को युनान भएर बर्मा, पूर्वोत्तर भारततिर जाँदो रहेछ भनी देख्न सकिन्छ । नेपालतर्फ झरेको सिल्क रोडको हाँगो ल्हासा, माठमाण्डौ हुँदै पटना र दिल्ली पुग्दो रहेछ भनी उल्लेख गरेको छ, सुधिर शर्माले (शर्मा, पेज–२०) । नेपाली नाकामध्ये सर्वाधिक चल्तीमा दुई वटा नाकाहरु थिए– केरुङ र कुती । यी दुवै नाकाले तिब्बत–चीनलाई काठमाण्डौ, सिमरौनगढ, मोतीहारी हुँदै मैथिल मार्गबाट सीधै पटनासँग जोड्थे । त्यो सम्पर्कको डोरो प्राचीन सहर बनार ससम्म तन्किन्थ्यो । दक्षीणतिर हिन्दू तीर्थ बनारस र उत्तरतिर बौद्धथलो ल्हासा– दुवैसँग काठमाण्डौ एकसाथ जोडिएको थियो । विसं २००६ सालमा चीनमा कम्युनिस्ट क्रान्ति भएपछि तिब्बतलाई पनि मुक्त गर्ने प्रचारले तिब्रता पाउन थालेको थियो । चिनियाँहरु तिब्बतमाथि हमला गर्दै आएपछि तिब्बत सरकारले विसं १९१२ को थापाथली सन्धि अनुसार नेपालसँग सैन्य सहयोग मागेको थियो । तिब्बतीहरुले कतैबाट सहयोग नपाएपछि चीनसामु आत्मसमर्पन गर्नु परेको थियो । २००८ जेठ ९ गते चीन र तिब्बतबीच १७ बुँदे सम्झौताले तिब्बतमा चीनको आगमनलाई वैधानिकता दिएसँगै त्यसै वर्ष पीएलएका करिब ८००० सैनिक ल्हासा भित्रिएका थिए ।

हेर्दाहेर्दै तिब्बतमा चिनियाँ उपस्थिति बढ्न थाल्यो । चिनियाँ सैनिकहरुलाई चाहिने आवश्यक सामान चीनबाट ल्याउन भौगोलिक चुनौतिको सामना गर्नुपर्ने अवस्था थियो । चिनियाँ सेनाका लागि भारतमा बनेका टायर काठमाण्डौका नेवाः र मारवाडी व्यापारि र व्यवसायीले कलकताबाट मगाएर तिब्बत पुर्याएर व्यापार गरेको रेकर्डहरु लिपिबद्ध रहेको पाइन्छ । चिनियाँ सेना तिब्बत भित्रिएपछि जहाँबाट जस्तो सामान पनि झिकाउने छुट दिइएको थियो । किनभने पीएलए आफैलाई खाद्यान्न, औषधी, निर्माण सामग्री, पेट्रोलियम पदार्थलगायतका अनेक सामान चाहिन्थ्यो । भारतबाट पेट्रोल ल्याई तिब्बत पुर्याउने क्रम यति बढेको थियो की नेपालले २०१० समालमा त्यसको निकासीमाथि नै प्रतिबन्ध लगाउनु परेको थियो । २०१३ सालमा चिनियाँहरुले बिमान स्थल बनाएपश्चात अधिकांश आवश्यक सामान चीनबाट आउन थाल्यो ।

बादशाहकाल देखि कम्युनिस्टकालको सुरुवातदेखि नै तिब्बत चीनको लागि सुरक्षा खतराको रुपमा रहँदै आएको थियो । चीनले तिब्बतलाई आफ्मा समाहित गरिसकेपछि पनि विगतमा झैं चीनको दक्षिण–पश्चिम सुरक्षाको मुख्यघेरा तिब्बत नै रहन गयो, जसको मुन्थिर नेपाल पर्दछ । सन् १९५५ मा चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गरेदेखि दुई देशबीचको सम्बन्धको आधारस्तम्भको रुपमा एक चीन नीतिको मन्त्रोवाचन गर्दै आइरहेको छ ।

झण्डै ७५ वर्षको लामो कालखण्डमा नेपालमा चिनियाँ प्रभाव बढेको बढै छ । तर बझाङ र अन्य उत्तरी हिमाली जिल्लाका नेपाली बासिन्दाहरु ऋार्थिक हैसियत बढ्दै गइरहेको आफ्ना छिमेकमा पर्ने ताक्लाकोट जस्तो स्यानो बजारमा आफ्नो जिविका चलाउन सुलमढंगले जावो व्यापार समेत गर्न पाइरहेको छैन् । बझाङका बासिन्दाले परम्परागत तरिकाले कुल देवताको पुजा गर्न चाहिने मानसरोवर तालबाट एक गाग्री जल ल्याउन पाइरहेको छैन् ?

अन्त्यमा, वर्तमान बालेन्द्र सरकारले पनि 'एक चीन नीति'प्रति आफ्नो प्रतिबद्धता देखाइ सकेको छ । तर उत्तरी समांचलका बासिन्दाले जिवीकोपार्जन गर्न सक्ने व्यवस्था मिलाई तिब्बतको मानसरोवरसँग जोडिएको सांस्कृतिक पक्षलाई कुटनीतिक पहलको माध्यमले सम्बोधन गर्न सक्नुपर्दछ ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्वुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्वुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मटिहानी : लक्ष्मी सागरको साप्ताहिक संध्या आरती छैटौं वर्षमा प्रवेश

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'

**साउन ६ गते, महोत्तरी**

महोत्तरीको मटिहानी नगर पालिका-७ स्थित धार्मिक, ऐतिहासिक तथा पौराणिक महत्व बोकेको लक्ष्मी सागरमा सञ्चालन हुँदै आएको श्री लक्ष्मीनारायण भगवानको साप्ताहिक संध्या आरती पाँच वर्ष पूरा गरी छैटौं वर्षमा प्रवेश गरेको अवसरमा आयोजित छैटौं वार्षिक उत्सव समारोह तथा महाआरती सम्पन्न भएको छ। श्री लक्ष्मी सागर तथा आरती व्यवस्थापन समिति मटिहानी द्वारा आयोजित समारोहको उद्घाटन मधेश प्रदेश सभाका सभामुख रामअशिष यादव र मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले संयुक्त रूपमा गर्नुभएको थियो।

समितिका अनुसार वि.सं. २०७८ साल साउन ५ गतेदेखि प्रत्येक बिहीबार नियमित रूपमा सञ्चालन हुँदै आएको साप्ताहिक संध्या आरतीले धार्मिक पर्यटन प्रवर्द्धन, सांस्कृतिक संरक्षण तथा सामाजिक सद्भाव अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।

समितिका अध्यक्ष बरुण मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सभामुख रामअशिष यादवले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणसँगै यस्ता गतिविधिले समाजमा सकारात्मक ऊर्जा प्रवाह गर्ने बताउनुभयो। नगर प्रमुख हरि प्रसाद मण्डलले लक्ष्मी सागर क्षेत्रलाई धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न नगरपालिका प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा नेपाली सेनाको श्री गोरखनाथ गण परिकौलीका गणपति रामप्रसाद लामिछाने, जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक ( एसपी) श्यामकुमार सारु मगर , सशस्त्र प्रहरी बल नं. ९ गण महोत्तरीका प्रहरी उपरीक्षक शेर बहादुर अधिकारी, राष्ट्रिय अनुसन्धान कार्यालय महोत्तर ीका प्रमुख चन्दनकुमार झा, लक्ष्मीनारायण मठ मटिहानीका मानमहन्थ जगरनाथ दास वैष्णव तथा उत्तराधिकारी महन्थ



रबिन्द्र दास वैष्णव, मटिहानी नगरपालिकाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य, विभिन्न राजनीतिक दलका प्रतिनिधि, सामाजिक संघसंस्थाका प्रतिनिधि, उद्योगी-व्यवसायी तथा स्थानीय श्रद्धालुहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

## राष्ट्रियताको रक्षा गर्नका लागि कम्युनिष्ट......

विकल्प नभएको बताए ।

त्यसै कार्यक्रममा पार्टीका सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले संविधानको रक्षा गर्नु सबैको साझा दायित्व भएको बताए। देशमा भइरहेका विसंगतिपूर्ण निर्णयप्रति खबरदारी गर्नुपर्ने आवश्यकता औँल्याउँदै उनले नेपाल कम्युनिस्ट पार्टीलाई वैचारिक रूपमा गौरवशाली पार्टीको संज्ञा दिए।

पार्टीका अनुगमन तथा मूल्याङ्कन विभाग प्रमुख तथा पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले विगतका कमजोरीबाट शिक्षा लिएर एकताबद्ध ढंगले अघि बढ्नुपर्नेमा जोड दिए। पार्टीलाई अझ सुदृढ बनाउन आत्मसमीक्षा र जिम्मेवार नेतृत्व आवश्यक रहेको उनको भनाइ थियो।

पार्टीका मधेश प्रदेश इन्चार्ज महेन्द्र यादवको अध्यक्षतामा भएको कार्यक्रममा नारायणकाजी श्रेष्ठ, मातृका प्रसाद यादव सहभागी छन् । प्रशिक्षणमा केन्द्रीय र प्रदेश कमिटीका सदस्यहरु सहभागी रहेका छन्।

## दुईतिहाइको जनादेशअनुसार....

शैलीमा प्रस्तुत भइरहेको आरोप लगाउँदै सञ्चार माध्यमको स्वतन्त्र आवाज दबाउने, प्रतिपक्षलाई तर्साउने तथा फसाउने प्रयास भइरहेको दाबी गर्नुभयो। सरकार पूर्वाग्रही ढंगले अघि बढिरहेको उहाँको भनाइ थियो।


उहाँले विभिन्न प्रकरणमा मुछिएका आफ्नै सांसद तथा मन्त्रीमाथि निष्पक्ष छानबिन नगरी सरकारले आफैं छानबिन गरेर 'क्लिन चिट' दिने प्रवृत्ति अपनाएको आरोप लगाउनुभयो। यस्तो कार्यले सुशासन, विधिको शासन तथा राज्यका निकायप्रतिको जनविश्वास कमजोर बनाएको उहाँले बताउनुभयो।

महामन्त्री पौडेलले अर्थमन्त्रीको हालैको अभिव्यक्तिप्रति पनि असन्तुष्टि जनाउनुभयो। जनताले तीन हजार पाँच सय रुपैयाँ तिरेर लाखौं रुपैयाँ बराबरको सेवा-सुविधा उपलब्ध गराउन नसकिने भन्ने अभिव्यक्तिप्रति आपत्ति जनाउँदै उहाँले "के राज्य व्यापारी हो ?" भन्ने प्रश्न गर्नुभयो।

राज्यको प्रमुख दायित्व नागरिकलाई आवश्यक सार्वजनिक सेवा तथा सामाजिक सुरक्षा सुनिश्चित गर्नु रहेको उल्लेख गर्दै उहाँले सरकार नागरिकप्रति उत्तरदायी भएर काम गर्नुपर्नेमा जोड दिनुभयो।

महामन्त्री पौडेलले प्रतिशोध र पूर्वाग्रहको राजनीति त्यागी संविधान, कानुन तथा लोकतान्त्रिक मूल्य-मान्यताअनुसार सरकार सञ्चालन गर्न आग्रह गर्नुभयो।



# धनुषामा एकैदिन ४४ फरार प्रतिवादी पक्राउ

**खबर दर्पण समाचारदाता**
**साउन ६ गते, जनकपुरधाम**

जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका एकैदिन ४४ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषा प्रवक्ता प्रहरी नायब उपरीक्षक( डीएसपी) मधुसुदन न्यौपानेका अनुसार बुधबार एकै दिन विभिन्न स्थानबाट ४४ जना फरार प्रतिवादीलाई पक्राउ गरिएको हो ।

पक्राउ परेका प्रतिवादीलाई खोजतलासका क्रममा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी एकाइले नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको डीएसपी न्यौपानेले बताए ।

पक्राउ परेकामध्ये सबैभन्दा बढी लागुऔषधसम्बन्धी मुद्दाका प्रतिवादी रहेका छन् ।

यस्तै, चोरी, मोटरसाइकल चोरी, बहुविवाह, सवारी ज्यान, कर्तव्य ज्यान, अपहरण तथा शरीर बन्धक, लुटपाट, कुटपिट, गाली बेइज्जती र सवारी अङ्गभङ्गलगायत विभिन्न मुद्दाका फरार प्रतिवादी पनि पक्राउ परेको डीएसपी न्यौपाने बताए ।

पक्राउ परेका अदालतबाट छ दिनदेखि चार वर्षसम्म कैद सजाय तथा ५०० रुयैयाँदेखि एक लाख ५० हजार रुपैयाँसम्म जरिवाना तोकिएको थियो ।

अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत फरार प्रतिवादीलाई निरन्तर खोजी गरी पक्राउ गर्ने अभियान जारी रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीको खोजी तथा पक्राउ अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइने डीएसपी न्यौपानेको भनाइ छ । -रासस

# धनुषामा सयभन्दा बढी सवारीबाट हटाइयो कालो सिसा

**खबर दर्पण समाचारदाता**
**साउन ६ गते, जनकपुरधाम**




जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले कानुनविपरीत जडान गरिएका कालो सिसा (टिन्टेड ग्लास) तथा कालो स्टिकर एक सयभन्दा बढी सवारीसाधनबाट हटाएको छ।

ट्राफिक प्रहरीले असार १७ गतेदेखि सञ्चालन गरेको कालो सिसा हटाउने अभियानअन्तर्गत हालसम्म ७१२ वटा सवारीसाधन जाँच गर्दा १११ वटा सवारीसाधनबाट कालो सिसा तथा कालो स्टिकर हटाइएको हो।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक खगेन्द्र दाहालले आपराधिक गतिविधि नियन्त्रण गर्न कालो सिसा तथा कालो स्टिकर हटाउने अभियान सञ्चालन गरिएको बताउनुभयो।

उहाँका अनुसार कालो सिसा हटाउँदा आपराधिक गतिविधि, अवैध कारोबार, फरार अपराधीको आवागमन, हतियार ओसारपसार तथा शंकास्पद व्यक्तिको पहिचान गर्न सहज हुनेछ।

प्रहरी निरीक्षक दाहालका अनुसार सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम १२ अनुसार राष्ट्रपति र प्रधानमन्त्रीबाहेक अन्य विशिष्ट व्यक्ति वा सर्वसाधारणले नियमानुसार धरौटी राखेपछि अधिकतम २० प्रतिशतसम्म मात्र कालो सिसा प्रयोग गर्न पाउने व्यवस्था छ।

उहाँले अभियान निरन्तर सञ्चालन हुने बताउँदै यसले सवारी आवागमनलाई थप सुरक्षित र पारदर्शी बनाउन तथा अपराध नियन्त्रणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

# धनुषामा संघ सरकारको ७५ प्रतिशतभन्दा बढी बजेट खर्च

**खबर दर्पण समाचारदाता**
**साउन ६ गते, जनकपुरधाम**



संघ सरकारले आर्थिक वर्ष २०८२।८३ मा धनुषा जिल्लामा विनियोजन गरेको रकममध्ये ७५ प्रतिशतभन्दा बढी रकम खर्च भएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषाका प्रमुख बुद्ध राम मल्ल आलेका अनुसार आव २०८२।८३ मा ३६ अर्ब १८ करोड ३५ लाख ८७ हजार ४४५ रुपैयाँ विनियोजन गरिएकोमा त्यसको ७५.१६ प्रतिशत अर्थात २७ अर्ब १९ करोड ३८ लाख २४ हजार ८३२ रुपैयाँ खर्च भएको हो।

प्रमुख कोष लेखा नियन्त्रक आलेका अनुसार संघ सरकारको बजेट खर्चमा केही समायोजन हुन बाँकी छ।

स्थानीय तहमा पठाइएको रकम खर्च नभएको अवस्थामा त्यो फिर्ता गर्नुपर्ने रहेकोमा फिर्ताभएपछि खर्चको विवरणमा फरक पर्न सक्ने प्रमुख आलेले बताए।

# धनुषामा उठ्यो ६ अर्ब ६ करोड ७८ लाख रुपैयाँ राजस्व

**खबर दर्पण समाचारदाता**
**साउन ६ गते, जनकपुरधाम**

बजारमा देखिएको आर्थिक तरलताका बाबजुद आन्तरिक राजस्व कार्यालय जनकपुरधाम, धनुषाले आर्थिक वर्ष २०८२/८३ मा रु छ अर्ब छ करोड ७८ लाख ८८ हजार राजस्व सङ्कलन गरेको छ।

आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ताका अनुसार विभिन्न अभियानमार्फत पुरानो बक्यौता असुली र बजार अनुगमनलाई तीव्रता दिएपछि लक्ष्यको ८८ दशमलव ४९ प्रतिशत राजस्व सङ्कलन भएको हो। आव २०८२/८३ मा सो कार्यालयले अन्तशुल्कतर्फ रु दुई अर्ब ५५ कारेड सात लाख ३० हजार, आयकरतर्फ रु दुई अर्ब छ करोड ८२ लाख एक हजार र मूल्यअभिवृद्धि करतर्फ रु एक अर्ब २८ करोड ४० लाख ९९ हजार राजस्व सङ्कलन गरेको छ। यस्तै ब्याजकरतर्फ रु सात करोड ७८ लाख तीन हजार, बहालकरतर्फ रु पाँच करोड २५ लाख ३७ हजार, स्वास्थ्य जोखिम करतर्फ रु चार लाख ३१ हजार र अन्यतर्फ तीन करोड ४० लाख ८७ हजार राजस्व सङ्कलन भएको प्रमुख गुप्ताले बताए।

कार्यालयले अघिल्लो आव २०८१/८२ मा रु चार अर्ब ८८ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु चार अर्ब ९० करोड सङ्कलन गरेको थियो। प्रमुख गुप्ताका अनुसार आव २०८२/८३ मा रु छ अर्ब ८५ करोड ७२ लाख ५५ हजार राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य थियो। सो कार्यालयमा व्यक्तिगत र व्यावसायिक लगायत गरी एक लाख ७३ हजार नौ सय ६८ करदाता छन्।

करदाताको घरमा पुग्ने, टेलिफोन र एसएमएसमार्फत ताकेता गर्ने, कर छुटसम्बन्धी सुविधाबारे प्रचारप्रसार गर्नेलगायत अभियान सञ्चालन गरी करिब रु १० करोडभन्दा बढी पुरानो बक्यौता असुली भएको प्रमुख गुप्ताले बताए।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,